निर्णयहरू:-

१. जिल्लाभित्र कोभिड-१९ रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारका लागि विभिन्न क्षेत्रबाट भएका कार्य एवं प्रयासहरूका सम्बन्धमा बैठकमा जानकारी तथा समीक्षा गरियो ।

२. श्री गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १८९, मिति २०७८-०२-२८ को पत्रमार्फत प्राप्त मनसुनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी निर्देशन समितिमा जानकारी गराइयो । प्राप्त निर्देशनहरू क्षेत्रगत समितिहरूले प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

३. मिति २०७८-०१-३० गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट स्वीकृत मनसुन जोखिम न्यूनीकरण कार्ययोजना-२०७८ मा उल्लेखित क्षेत्रगत विषयका जिम्मेवार निकायहरूले आ-आफ्नो भूमिका प्रभावकारीरूपमा निर्वाह गरी कार्ययोजना पूर्णरूपमा कार्यान्वयन गर्दै मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरण गर्ने, गराउने । साथै, सोको जानकारी नियमितरूपमा यस समितिलाई दिने ।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ मा उल्लेखित ७ (सात) वटा विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्षेत्रगत समितिहरू (Cluster) ले आ-आफ्नो समितिको बैठक यथाशीघ्र राखी तोकिएका क्रियाकलापहरू सञ्चालन गरी सोको प्रतिवेदन दैनिकरूपमा जिल्ला विपद् व्यवस्थापन समितलाई उपलब्ध गराउने ।

५. कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ एवं मार्गनिर्देशन अनुसार खर्च गर्ने व्यवस्था गर्न, गराउन श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको च.नं. ८६५, मिति २०७८-०१-१४ को पत्रमार्फत जिल्ला विपद् व्यवस्थापन समिति, मकवानपुरलाई प्राप्त रकम रु.६,००,०००/- लाई देहायबमोजिमका शीर्षकमा खर्च गर्न जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई सिफारिस गर्ने भनी मिति २०७८-०२-१९ को जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकबाट भएको निर्णयलाई अनुमोदन गर्ने । साथै, उल्लेखित शीर्षकमा रकम खर्च भएपश्चात् जिल्ला विपद् व्यवस्थापन समितिको आगामी बैठकबाट खर्च रकम अनुमोदन समेत गर्ने ।

   क. निषेधाज्ञाको व्यवस्थापन गर्ने सन्दर्भमा भिडभाड नियन्त्रणमा खटिएका सुरक्षाकर्मीहरूको निम्ति हेन्ड माईक खरिद ।

   ख. निषेधाज्ञाको समयमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीहरूको लागि पीपीई, मास्क, सेनिटाइजर, अक्सिमिटर, थर्मल गन लगायतका स्वास्थ्य सामग्री खरिद ।

   ग. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेश एवं जिल्ला प्रशासन कार्यालयद्वारा जारी विविध सूचनाहरू जनमानससम्म पुर्याउन स्थानीय सञ्चार माध्यमद्वारा सूचना सम्प्रेषण गर्ने कार्यमा खर्च ।

   घ. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा गठित अनुगमन तथा सहजीकरण समिति लगायत अनुगमनका क्रममा प्रयोग हुने सवारी साधनको इन्धन खर्च ।

६. खोला तथा नदीमा गत मनसुनमा जम्मा भएको ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थका कारण निम्तिन सक्ने विपद्का घट्नाहरूलाई मध्यनजर गर्दै नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा स्थलगत अध्ययन गरी समितिमा सिफारिस गर्ने प्रयोजनको लागि मिति २०७८-०१-३० गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट गठित उप-समितिबाट प्राप्त प्रतिवेदनबाट विपद्को दृष्टिकोणले तत्काल नदीजन्य पदार्थ झिक्न आवश्यक नदेखिएको भनी सिफारिस प्राप्त हुन आएको हुँदा सम्भावित जोखिमलाई आँकलन गरी आगामी आर्थिक वर्षमा IEE/EIA स्वीकृत गरी नेपाल सरकारबाट तोकिएको मापदण्डको परिधिभित्र रहेर सम्बन्धित स्थानीय तहले ठेक्का बन्दोबस्ती गरी मात्र नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्न स्थानीय तहहरूलाई जानकारी गराउने । असार, साउन र भाद्र महिनामा खोला तथा नदीबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्ने कार्य पूर्णरूपमा बन्द गर्ने ।

७. मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित घट्नाका कारण घाइते भएका व्यक्तिहरूको उपचारका निम्ति हेटौंडा अस्पताल लगायत स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरूले निश्चित बेड छुट्याई कोभिड बिरामीका अतिरिक्त सेवा दिने व्यवस्था मिलाउने ।

८. मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित घट्ना एवं क्षति न्यूनीकरणका सन्दर्भमा सबै स्थानीय तहहरू एवं विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्षेत्रगत समितिहरू (Cluster) ले जानकारीमूलक सन्देश एवं सूचनाहरू मनसुन अवधिभर नियमितरूपमा प्रकाशन एवं प्रचार प्रसार गर्ने, गराउने ।

२०७८।३।१९

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी